# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५४६ | चैत्र २०५९ | वर्ष १.. अङ्क १२


## धम्मवाणी

**बुद्धो लोकम्हि उप्पन्नो, मनुस्सत्तम्पि दुल्लभं ।**
**उभोसु विज्जमानेसु, सवनञ्च सुदुल्लभं ॥**
(अप. थेर. २.४९.१७)

**संसारमा बुद्ध उत्पन्न हुनु दुर्लभ छ। प्राणी मनुष्य योनिमा जन्म हुनु दुर्लभ छ। यदि यी दुवै संयोग जुडेको भए पनि बुद्ध द्वारा उपदेशित धर्म श्रवण गर्न पाउनु अत्यन्त दुर्लभ छ।**

## भौतिक रुपकाय

त्यस समयको वैदिक साहित्यमा महापुरुषको शारीरिक लक्षणको विषयमा एउटा छुट्टै शास्त्र हुन्थ्यो, तर आज त्यो दुर्भाग्यले विलुप्त भईसक्यो । त्यस शास्त्रमा ग्रह, नक्षत्र आदि सांसारिक कुराहरूको जानकारीका साथ-साथै शरीर-लक्षणको बारेमा विस्तृत विवरण उल्लेख गरिएको थियो, जसमा विशेष गरी महापुरुषमा हुनु पर्ने बत्तीस शारीरिक लक्षणहरूको बारेमा स्पष्ट उल्लेख गरिएको थियो । त्यस समयका ब्राह्मण आचार्य र प्रार्चायहरू जुन विषयमा शास्त्रमा आफूले ज्ञान प्राप्त गरेर निपुण हुन्थे ती विषयमा आफ्ना शिष्यहरूलाई निपुण बनाएर आफू झैं ज्ञानसम्पन्न बनाउँथे र आफूले स्वीकार गर्दथे- यमहं जानामि तं त्वं जानासि, यं त्वं जानासि तमहं जानामि- जुन मैले जानेको छुँ त्यो तिमीले जानेका छौ, जुन तिमीले जानेका छौ त्यो मैले जानेको छुँ । यस्तो व्यक्ति- अज्झायको, मन्तधरो, तिण्णं वेदानं पारगू, सनिघण्डु-केटुभानं साक्खरप्पभेदानं, इतिहास - पञ्चमानं, पदको, वेय्याकरणो, लोकायतमहापुरिसलक्खणेसु अनवयो (दी.नि. १.२५६, अम्बट्ठसुत्त) - अध्यायक, मन्त्रधर तीनै वटा वेदमा पारंगत, चौथोंमा निघण्टु-निरुक्ति अक्षर भेद-प्रभेद आदि ज्ञानमा कुशल र पाचौंमा इतिहासको विषयमा जानकारी, भएको, कवितालेख्न जान्ने, ब्याकरणमा पो.....र सांसारिक बिषयहरू तथा महापुरुषका लक्षण शास्त्र निपुण व्यक्तिहरू हुन्थे । यस शास्त्रको अनुसार जुन व्यक्तिको शरीरमा महापुरुषहरूको बत्तीस लक्षण हुन्छन् त्यस्तो व्यक्ति गृहस्थ भएमा सागर सहीत लक्षण हुन्छन् त्यस्तो व्यक्ति गृहस्थ भएमा सागर सहीत सम्पूर्ण पृथ्वीको एकछत्र सम्राट, चक्रवर्ती हुन्छ र गृहत्यागी भएमा परम विमुक्त अरहन्त सम्यक सम्बुद्ध हुन्छ ।

त्यस समयका शास्त्रस ब्राह्मणहरूमा यस्तो मान्यता अधिक प्रचलित थियो । त्यसैले जहिले जहिले कुनै पनि विद्वान ब्राम्हणले भगवानको बारेमा ब्याप्त रहेको यस्तो कीर्ति शब्द कल्याणो कित्तिसघो सुन्छ कि - इतिपि सो भगवा अरहं सम्मासम्बुद्धो............यस्तो सुन्ने बित्तिकै उनी स्वयं भगवानलाई भेट्न आउँछ अथवा एकजना आफ्नो शिष्यलाई पठाउँछ । र उस्ले भगवानको शारीरिक लक्षणलाई जाँची साच्चिकै त्यस कीर्ति शब्द मिल्छ मिल्दैन हेर्छ- यदि वा सो भवं गोतमो तादिसो, यदि वा न नादिसो। (दी.नि. १.२५८, अम्बट्ठसुत्त) साँच्चै त्यो ब्यक्ति अरहं सम्यक सम्बुद्ध हो कि होइन भनेर जाच्छ ।

यसरी जाँच्न गएको बयक्तिले सर्वप्रथम भगवान बुद्ध लाई भेटेर उनको शरीरमा शास्त्रमा उल्लेख गरे अनुसारको चिन्ह छ कि छैन हेर्छ। यसरी एकजनाले जाँच गर्दा परिणाम स्वरूप निस्केको बत्तीस लक्षणको पूरा विवरण यहँ प्राप्त भएको छ। एकजना वयोबृद्ध ब्राह्मण नेता ब्रह्मायुले आफ्नो सुयोग्य शिष्य उत्तरमानवकलाई भगवान को वारेमा फैलिएको कीर्तिलाई निरिक्षण परिक्षण गर्न पठाएका थिए । शरीरमा विद्यमान भएको बत्तीसवटा लक्षणले उनको ब्यक्तित्वलाई अरू भन्दा अलग एक विशिष्ट स्वभावलाई दर्शाउँछ ।

बत्तीस लक्षणहरू :

१. सुप्पतिट्ठितपादो (सुप्रतिष्ठित पाद)- पैताला समतल हुन्छ । त्यसमा खाल्टो हुदैन त्यसैले भूइँमा टेक्दा समतल हुन्छ ।
२. पादतलेसु चक्कानि जातानि सहस्सारानि सनेमिकानि सनाभिकानि सब्बाकारपरिपूरानि (चक्रवरंकित) दुबै खुटाको पैतालामा चक्र अंकित हुन्छ । जुन बीचमा ......नाभि भएर मसिना हजारौं रेसाहरूद्वारा परिपूर्ण हुन्छ ।
३. आयतपण्हि (आयत-पार्ष्णि) - खुट्टाको एडि सामान्य मानिसहरूको तुलनामा ठूलो र लामो हुन्छ ।
४. दीघङ्गलि (दीर्घ अंगुल) - हात र खुट्टाका औंलाहरू लामो हुन्छ ।
५. मुदुतलुनहत्थपादो (मृदु तरुण हस्त-पाद)- हात र खुट्टा कडा नभई एकदम नरम हुन्छ ।
६. जालहत्थपादो (जाल हस्त-पाद) - हात र खुट्टाको औंलाहरूका बीचमा हाँसको खुट्टामा झैं मासुको झिल्ली हुन्छ । दुई औंलालाई जोडिएको हुन्छ प्वाल हुँदैन ।
७. उस्सङ्खपादो (उस्संख पाद)- कुर्कुच्चा अन्य मानिसहरूको भन्दा अलि माथि रहेको हुन्छ ।
८. एणिजङ्घो - एणी जातिको मृगको सुन्दर जांघ हुन्छ ।
९. परिमसति परिमज्जति (आजानुबाहु) उभिंदा घुँडासम्म छुने लामो हात हुन्छ ।



Downloaded from http://www.dhamma.digital

१०. कोसोहितवत्थगुफहो (कोषाच्छादित वस्तिगुह्य) - पुरुपेन्द्रिय गुपत रहेको हुन्छ ।

११. सुवण्णवण्णो (सुवर्ण वर्ण) - वर्ण कञ्चन झैं हुन्छ ।

१२. सुखुमच्छवि (सूक्ष्म छवि) - शरीरको छालामा एक किसिमको पातलो छाला छाएको हुन्छ जस्मा घूलो टाँस्न पाउँदैन ।

१३. एकेकलोमो (एकैक लोभ) - शरीरको प्रत्येक रौंको प्वालमा एउटा एउटा रौं हुन्छ ।

१४. उद्दग्गलोमो (ऊर्ध्वाग्र लोम) - रौं बाँयाबाट दाँया ढल्कि टुप्पो भने माथि फर्किएको हुन्छ ।

१५. ब्रह्मुगत्तो (ब्राह्मऋजु-गात्र) - शरीर अग्लो र सीधा हुन्छ त्यसैले अरुहरूले उसलाई ब्रहा उजु भन्दछन् ।

१६. सत्तुस्सदो (सप्त उत्सद)- दुवै हात, दुवै खुट्टा, छाती, पिठ्यूँ, र मुहार देखी माथिसम्म - शरीरका यी सातैवटा अंग विशाल र पूर्ण आकार को हुन्छ ।

१७. सीहपुब्बद्धकायो (सिंह-पूर्वार्द्ध-काय) - छाती सहित माथिको अंग सिंहको झै. हुन्छ ।

१८. चित्तन्तरंसो (चितांतरांस) - दुबै काँधको बीचको भाग भरिएको हुन्छ ।

१९. निग्राधपरिमण्डलो (न्यग्रोध परिमण्डल) - न्यग्रोध वृक्ष जति अग्लो हुन्छ त्यति नै झाँगिएको पनि हुन्छ । त्यस्तै उभिंदा जति शरीर को लम्बाई हुन्छ, दुई हात फैलाउँदा त्यसको चौडाईको नाप पनि त्यत्तिकै हुनुपर्छ ।

२०. समवट्टक्खन्धो (समवर्त स्कंध) - उत्तिकै गोलाकार काँध हुनुपर्छ ।

२१. रसग्गसग्गी (रस रसाग्रि) - सम्पूर्ण रसको स्वाद लिने जिब्रो र त्यस संग जोडिएको गला सम्म एउटा नशा हुनुपर्छ ।

२२. सीहहनु (सिंह हनु) - सिंहको झै. फाराकिलो हुनुपर्छ ।

२३. चत्तालीसदन्तो (चत्तालीस दन्त) चालीवटा दाँत भएको भव्य चेहरा हुनुपर्छ ।

२४. समदन्तो (समदन्त) - दान्त अगाडि पछाडि नभइकन एक समान हुनुपर्छ ।

२५. अविरलदन्तो (अविरल दाँन्त) - दुई दाँतको बीचमा प्वाल हुँदैन ।

२६. सुसुक्कदाठो (सुशक्ल दाढ) - दाँत मसिनो हुन्छ ।

२७. पहूतजिव्हो (प्रभुत जिव्हा) - जिब्रो अत्यन्त लामो हुन्छ ।

२८. ब्रह्मस्सरो (ब्रह्मस्वर) - कोईली पंक्षीको समान स्पष्ट ब्रह्म स्वर हुन्छ ।

२९. अभिनीलनेतो (अभिनील नेत्र) - आँखा सुन्दर र नीलो हुन्छ ।

३०. गोपखुमो (गो-पक्ष्म) - गाईको झैं लामो र बाक्लो परेली हुन्छ ।

३१. ओदाता उण्ण (श्वेत ऊर्णा)- उण्णा भमुकन्तरे जाता ओदाता मुदुतूलसन्निभा - दुई आँखाी भौंको बीचमा सेतो, नरम कमास झैं गोलो रौं हुन्छ ।

३२. उण्हीससीसो (उण्णीय शीर्ष) - टाउकोको माथिल्लो भागमा केही उठेको शीष हुन्छ जुडो बाँधिएको जस्तो देखिन्छ । यस चिन्हको कारण आज पनि बुद्ध मूर्ति अनय ध्यानावस्थित मूर्तिको तुलनामा स्पष्टतया भिन्न देखिन्छ ।

-(म.नि. २.३८६, ब्रम्हायुसुत्त)

यी मध्ये कुनै शारीरिक लक्षण स्पष्ट देखिन्थे र अत्यन्त भव्य दर्शनीय हुनुको कारण सामान्य ब्यक्ति भगवान प्रति स्वत: आकर्षित हुन्थे ।

## बुद्ध दुर्लभ

त्यस समयमा सम्पूर्ण बत्तीस लक्षण युक्त शरीर भएका महापूरुष कसैले पनि हेर्न पाएका थिएनन् । ती लक्षणहरूको उललेख शास्त्रहरूका हुन्थे । बावरी नामको एकजना ब्राह्मण संग तीन वटा लक्षण विद्यमान थियो- तीणिस्स लक्खणा गत्ते (सु.नि. १०२५, पारायनवग्ग, वत्थुगाथा), तर बत्तीस लक्षण युक्त ब्यक्ति न कसैले देखेका थिए, न कसैले सुनेका थिए । यस्तो बत्तीस लक्षणले युक्त ब्यक्ति त्यो पनि एक छत्र चक्रवर्ती सम्राट नभई गृहत्यागी सम्यक सम्बुद्ध बनेको छ, यो त अति दुर्लभ कुरा थियो । जो ब्यक्ति आफ्नो अनगिन्ती कल्पना असंखय जन्म सम्म आफ्नो हितको साथ साथै अन्यको हित हुने कार्यमा संलगन रहेर पारमिता परिपूर्ण गर्दछ, र आफ्नो अन्तिम जन्ममा सम्यक सम्बुद्ध बन्दछ । साँच्चै को अति दुर्लभ हो ।

यसै कारण ठाँऊ ठाँऊमा हामी यस्तो कथन भेटाउँछौं तथागतस्स अरहतो सम्मासम्बुद्धस्स, इमस्स खो, भिक्खवे, एकपुग्गलस्स पातुभावो दुल्लभो लोकस्मिं; (अ.नि.१.१.१७१, एकपुग्गलवग्ग)
-जो तथागत अरहन्त सम्यक सम्बुद्ध हुन्छ, यस्तो ब्यक्तिको लोकमा प्रार्दुभाव हुनु दुर्लभ हुन्छ ।
सम्मासम्बुद्धस्स पातुभावो दुल्लभो लोकस्मिं;

(अ.नि.२.५.१९५. पिङ्गियानीसुत्त)

-संसारमा सम्यक सम्बुद्ध उत्पन्न हुनु दुर्लभ छ;
किच्छो बुद्धानमुप्पादो- बुद्धको उत्पन्न हुन दुर्लभ छ;
(ध.प. १८. २, बुद्धवग्ग)
दुल्लाभो पुरिसाजञ्ञो- उत्तम पुरुष दुर्लभ छ;

(ध.प. १९३. बुद्धवग्ग)

अर्थात बुद्ध उत्पन्न हुनु दुर्लभ छ
बुद्धो लोकम्हि उप्पन्नो, मनुस्सत्तम्पि दुल्लभं ।
उभोसु विज्जमानेसु, सवनञ्च सुदुल्लभं ॥

(अप.थेर २(४९. १७ , बुद्ध सञ्ञक्तथे र अपदान)

-संसारमा बुद्ध उत्पन्न हुनु दुर्लभ छ । प्राणी मनुष्य योनिमा जन्म हुनु दुर्लभ छ । यदि यी दुबै संयोग जुडेको भए पनि बुद्ध द्वारा उपदेशित धर्म श्रवण गर्न पाउनु अत्यंत दुर्लभ हुन्छ ।

म देख्छु कि यस प्रकारको मान्यता त्यस समयका ब्राह्मणहरूमा अधिक प्रचलित थियो । त्यसैले जब कोही विद्वान ब्राह्मणले संसारमा बुद्ध उत्पन्न भएको खवर सुन्थे तब एकाएक विश्वास गर्न सक्दैनथे । जब स्वयं आफै गएर वा कुनै शिष्यलाई पठाएर यो कुरा साँचो हो कि होइन जाँच्न पठाउँथे, सत्य रहेको खवर, पाएपछि अत्यन्त प्रभावित हुन्थे । यस्तो घटना एउटा दुईटा मात्र होइन, यस्तो ऐतिहासिक प्रसंग हाम्रो सामु अनेक पाउँछौं ।



Downloaded from http://www.dhamma.digital

## ब्राह्मण बावरी

कोशल राजाका पुरानो पुरोहित, सय बर्षको बूढो बहुश्रुत ब्राह्मण बावरी गोदवरी नदीको किनारमा आश्रम बनाएर बसेका थिए। जब उस्ले लोकमा बुद्ध उत्पन्न भएको छ भन्ने सुने तब उनको मनमा धर्म संवेग उत्पन्न भयो। स्वयं आफू हिंड्न सक्दैन थिए, त्यसैले आफ्ना प्रमुख सोह्र शिष्यहरूलाई श्रावस्ती जाने आदेश दिंदै भने कि– यस्सेसो दुल्लभो लोके, पानुभावो अभिण्हसो।

**स्वाज्ज लोकम्हि उप्पन्नो, सम्बुद्धो इति विस्सुनो।**
**खिप्पं गन्त्वान सावत्थिं, पस्सब्हो द्विपदुत्तमं॥**

*(सु.नि. १००४, पारायनवग्ग, वत्थुगाथा)*

-संसारमा जसलको प्रार्दुभाव दुर्लभ छ, सबुद्ध नामले यस समय संसारमा उत्पन्न भएको छ। श्रावस्ती गएर चाँडो भन्दा चाँडो त्यस श्रेष्ठ-मानवको दशृन गर।

यस महत्वपूर्ण कार्यको लागि आफ्ना सोह्रजना परिपक्व शिष्यहरूलई पठाए जो एक से एक प्रख्यात गणी आचार्य थिए- **पच्चेकगणिनो सब्बे, सब्बलोकस्स विस्सना।**

*(सु.नि. १०१५, पारायनवग्ग, वत्थुगाथा)*

ति आचार्यहरू सबै जना लामो यात्रा पछि भगवानलाई भेट्न आईपुगे। सर्वप्रथम त उनीहरले महापुरुषमा हुनुपर्ने लक्षणलाई जाँचे त्यसपछि सम्बोधि भएको शंका हटाउन धर्म सम्बन्धी अनेक प्रकारका गम्भीर प्रश्न गरे र त्यसको उत्तर सुनेर आश्वस्त भए।

## ब्राह्मण सेल

त्यस्तै एकजना अर्को श्रमण आफूलाई बुद्ध घोषणा गर्नुमा निक्कै गौरव मान्दथे। साँच्चै त्यस समयमा बुद्ध भन्ने शब्द अत्यन्त नै गौरव मान्दथ्यो। तर स्वयंलाई बुद्ध भनेर घोषणा गर्ने व्यक्तिहरू पनि एकदमै कम थियो। त्यसैले संसारमा बुद्ध उत्पन्न भएको छ भनी सुन्ने व्यक्तिहरू पनि ज्यादै कम मात्र थिए। अत: बुद्धको नाम सुन्ने वित्तिकै मानिसहरू आश्चर्य हुन्थे।

ब्राह्मण सेल र जटिल केणियको एउटा उदाहरण यहाँ उल्लेखनीय छ। एक पटक ब्राह्मण सेल आफ्नो साथि जटिल केणियसंग भेट्न आए। त्यस समय केणियका शिष्यहरू एक भोजको तैयारीमा लागेका थिए। ब्राह्मण सेलले यस्को कारण सोधे र जटिलले भने, "मैले साढे बाह्रसय भिक्षुसंघ सहित श्रमण गौतमलाई भोली भोजनको लागि आमन्त्रित गरेको छु।"

यो सुनेर आश्चर्य मानदै ब्राह्मण सेलले सोधे-

बुद्धोति, भो केणिय, वदेसि- हे केणिय, के तिमी बुद्धको नाम लिँदैछौं ?
बुद्धोति, भो सेल, वदामि - हो, सेल म बुद्ध भन्दैछु।
ब्राह्मण सेललाई विश्वास भएन, त्यसैले फेरि दोहोऱ्याएर प्रश्न गर्छ- बुद्धोति, भो केणिय, वदेसि- के तिमी बुद्ध भन्दैछौ, केणिय ? फेरि जवाफ दिन्छ-
बुद्धोति, भो केणिय , वदामि - हो, सेल, बुद्ध भन्दैछु। तेस्रो पटक पनि यही उत्तर सुनेर ब्राह्मण सेलको मनमा यस्तो विचार आउँछ-
घोसोपि खो एसो दुल्लभो लोकस्मिं यदिदं बुद्धोति।

(सु.नि. सेलसुत्त)

-संसारमा बुद्ध शब्द सुन्न पाउनु पनि दुर्लभ छ।
बुद्धो बुद्धोति सुत्वान, पीति मे उदपज्जथ।

*(अप.थेर १.४०. २६१, सेलवत्थेरअपदान)*

-'बुद्ध', 'बुद्ध' भन्ने यो शब्द सुनेर मेरो मनमा प्रीति प्रमोद जागिसक्यो।

तर के त्यो व्यक्ति साँच्चीकै बुद्ध हो ? साँच्चै बत्तीस महापुरुषलक्षणले युक्त छ ? यी सबै जाँच गर्नका लागि स्वयं भगवानलाई भेट्न जान्छन्।

उनको शरीरमा विद्यमान सम्पुर्ण महापुरुष लक्षणलाई जाँचेर हेर्दछ र भगवानको रुपबाट अत्यन्त प्रभावित हुन्छ र उनको शिक्षा ग्रहण गर्नु पूर्व नै भावविभोर भएर उनको प्रशंसा गर्न थाल्छ जुन ध्यान दिन योग्य छ-

**परिपुण्णकायो सुरुचि, सुजातो चारुदस्सनो।**
**सुवण्णवण्णोसि भगवा, सुसुक्कदाणेसि विरियवा॥**

*(सु.नि. ५५३, सेलसुत्त)*

-तपाईं परिपूर्ण शरीर भएको व्यक्ति हुनुहुन्छ, सुरुचि हुनुहुन्छ, सुजात हुनुहुन्छ, दशृन गर्न योग्य हुनुहुन्छ। तपाईको सुवर्ण वर्ण छ, अत्यंत उज्ज्वल दाँत छन्, वीर्यवान हुनुहुन्छ।

**पसन्ननेत्तो सुमरवो, ब्रहा उजु पनापवा।**

*(सु.नि. ५५५, सेलसुत्त)*

-तपाईंको आँखा निर्मल छ, मुहार राम्रो छ, शरीर अग्लो छ र प्रतापवान हुनुहुन्छ।

यस्तो अनुपम सुन्दर शरीर देखेर महापुरुषको सबै लक्षणलाई हेरेर भगवानलाई एकछत्र चक्रवती सम्राट बन्ने सुझाव दिन्छ, मानौं भगवानको सम्बोधि जाँचिरहेछ त्यस प्रस्तावलाई नकार्दै भगवानले उस्को शंका मेट्नको लागि अगाडि भन्नु हुन्छ।

विनयस्सु मयि कङ्ख, अधिमुच्चस्सु ब्राह्मण।
दुल्लभं दस्सनं होति, सम्बुद्धानं अभिव्हसो॥

*(सु.नि. ५६४, सेलसुत्त)*

- हे ब्राह्मण, मेरो बारेमा शंका-सन्देह हटाउ र श्रद्धा जगाऊ। सम्यक सम्बुद्धको दर्शन सदा दुर्लभ हुन्छ।
यसं के दुल्लभो लोके, जातुभावो अभिव्हसो।
सोहं ब्राह्मण सम्बुद्धो, सल्लकत्तो अनुत्तरो॥

*(सु.नि. ५६५, सेलसुत्त)*

- हे ब्राह्मण, संसारमा जस्को प्रादुर्भाव हुनु दुर्लभ छ, म उही अनुत्तर शल्यकर्ता सम्यक सम्बुद्ध हुँ।

आखिरमा पूर्ण आश्वस्त भएर तीन सय शिष्य सहित सेल ब्राह्मण भागवान संग प्रवज्या ग्रहण गर्दछ।

जब कसैलई महाश्रमण गौतम सम्यक सम्बुद्ध हो भन्ने विश्वास हुन्छ तब उनको परिछलाग्न कसैलाई पनि अप्थेरो हुँदैन, किनकि उसले यो पनि राम्ररी बुझ्दछ कि-
बहूनं वत अत्थाय, उप्पजतन्ति तथागता।

*(थेरवा. १२६ ५, गङ्गी सत्थेरगाथा)*

-धेरैको हितको लागि र तिनीहरूको अर्थसिद्धिको लागि नै बुद्ध उत्पन्न



Downloaded from http://www.dhamma.digital